# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्याः २०८०/८१
च.नः

गण्डकी प्रदेश, नेपाल

मितिः २०८०|०९|०३

**विषयः विषय विशेषज्ञ सूचीकृत हुने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा शिक्षा नियमावली २०५९,(संशोधन सहित)को नियम, ९६ तथा कालीगण्डकी गाउँपालीकाको शिक्षा ऐन, २०७४ मा व्यवस्था भएअनुसार कालीगण्डकी गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८०/०८/२७ को निर्णय बमोजिम यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा रिक्त हुने शिक्षक दरवन्दी,राहत तथा अनुदान कोटामा करार शिक्षक पदमा नियुक्ति गर्ने प्रयोजनका लागि विषय विशेषज्ञ सूचिकृत गर्न यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा तपसिलका कागजात सहित शिक्षा ,युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी वा रीतपूर्वक नआएका निवेदन स्वतः अस्वीकृत हुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिलः

योग्यता तथा आवश्यक कागजातहरु:

१.माध्यमिक तहमा (९-१२) सूचीकृत हुनको लागि सम्बन्धित तहमा ५ वर्ष सेवा भई सम्बन्धित विषयमा स्नातकोत्तर तह उतीर्ण गरेको कार्यरत शिक्षक।

२.आधारभूत तह (निम्नमाध्यमिक) मा सूचीकृत हुनका लागि सम्बन्धित तहमा ५ वर्षको स्थायी सेवा भई सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको कार्यरत शिक्षक।

३.आधारभूत तह(प्राथमिक)मा सूचीकृत हुनका लागि सम्बन्धित तहमा ५ वर्षको स्थायी सेवा भई स्नातक तह उत्तीर्ण गरेको कार्यरत शिक्षक।

४.शैक्षिक योग्यताका प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

५. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

६.अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि।

७. स्थायी नियुक्तिको प्रमाणित प्रतिलिपि।

८. निवेदन।

९.विषय विशेषज्ञ सूचीकृत हुन चाहनेले जुन तहका लागि सूचीकृत हुन चाहेको हो सोही तहका लागि र एक भन्दा बढी तहमा सूचीकृत हुनको लागि निवेदनमा सोको व्यहोरा समेत खुलाउनु पर्ने।

१०.सूचीकृत शुल्क वापतको रकम रु.६००/- बुझाएको यस कार्यालयको नगदी रसिद पेश गर्नुपर्ने र एक भन्दा बढि तहमा सूचीकृत हुनका लागि तहगत थप रु.३०० शुल्क लाग्ने छ।

११. विषय विशेषज्ञको समयावधि ४ वर्षको हुनेछ।

१२.शिक्षक सेवा आयोगबाट नयाँ पाठ्यक्रम अनुसार विशेषज्ञ हुन चाहेको तहको वस्तुगत तथा विषयगत नमूना प्रश्नपत्र सहित उत्तरकुञ्जिका १/१ सेट निवेदन साथ पेस गर्नुपर्ने।

थापा
प्रमुख प्रशासकिय अधिकृत